नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
वेब : www.nepalbarassociation.org.np

प.सं.

नेपाल संवत् ११४६ मितिः २०८३ कात्तिक १२ गते

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता बाबुराम अर्याल
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, संस्थागत विश्वसनीयता र जनआस्थाको संरक्षणका सम्बन्धमा जारी

प्रेस विज्ञप्ति

न्यायपालिका संविधानको सर्वोच्चता, विधिको शासन, मौलिक हकको संरक्षण तथा न्यायमा नागरिकको पहुँच सुनिश्चित गर्ने राज्यको एक महत्त्वपूर्ण र संवेदनशील अङ्ग हो। न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, निर्भीकता र संस्थागत विश्वसनीयता लोकतान्त्रिक शासन व्यवस्थाका आधारस्तम्भ हुन्। न्यायपालिकाप्रतिको जनआस्था कायम राख्न न्यायिक नेतृत्व, न्यायाधीश, कानून व्यवसायी तथा समग्र राज्य संयन्त्रको साझा दायित्व हो।

पछिल्ला दिनहरूमा सर्वोच्च अदालतका न्यायाधीश र विवादित मुद्दासँग सम्बन्धित व्यक्तिबीच भएको भनिएको संवाद तथा भेटघाटसम्बन्धी विवरण विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भएका छन्। त्यसैगरी, प्रधान न्यायाधीशसमेतलाई जोडेर समाचारहरू प्रकाशित भएका छन्। सार्वजनिक भएका यी विवरणले गम्भीर सार्वजनिक चासो उत्पन्न गरेको छ।

सार्वजनिक भएका समाचारमा उल्लिखित आरोप तथा विवरणलाई नै अन्तिम सत्य वा कुनै व्यक्ति विरुद्धमा दोष नै प्रमाणित भई सकेको निष्कर्षका रूपमा नेपाल बार एशोसिएशनले लिन मिल्दैन । प्रत्येक व्यक्तिलाई निष्पक्ष छानबिन, आफ्नो धारणा प्रस्तुत गर्ने अवसर र प्रचलित कानूनबमोजिमको न्यायिक प्रक्रियाको पूर्ण प्रत्याभूती हुनुपर्छ भन्ने मान्यता यस एशोसिएशनको दृढ धारणा हो। तथापि, न्यायपालिकाको उच्च नेतृत्व तथा न्यायाधीशहरूको आचरणसँग सम्बन्धित विषयमा सार्वजनिक रूपमा गम्भीर प्रश्न उठेपछि त्यसलाई केवल सञ्चारमाध्यममा आएको समाचारका रूपमा सीमित राख्नु पनि उचित नहुने नेबाएको मान्यता रहेको छ ।

यस्तो संवेदनशील विषयका सम्बन्धमा सत्यतथ्य, निष्पक्ष, विश्वसनीय र पारदर्शी प्रक्रियाबाट छानविन हुन आवश्यक छ। सञ्चार माध्यममा आएको न्यायपालिकासँग सम्बन्धित अति संवेदनशील समाचारसँग सम्बन्धित पदीय व्यक्तित्वहरुले आ-आफ्नो आचार संहितामा रहन आवश्यक देखिन्छ साथै उच्च पदस्थ पदाधिकारीले उच्च नैतिकता प्रदर्शन गर्न अपरिहार्य भएको समयको माग रहेको छ ।

अतः एशोसिएशन सम्बन्धित सबै सक्षम निकायलाई सार्वजनिक भएका विषयको निष्पक्ष, स्वतन्त्र, विश्वसनीय र समयबद्ध छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न, कानूनविपरीत कार्य भएको प्रमाणित भएमा सम्बन्धित व्यक्तिको पद वा हैसियतको परवाह नगरी कानूनबमोजिम आवश्यक कारबाही गर्न तथा आरोप प्रमाणित नभएको अवस्थामा सम्बन्धित व्यक्तिको प्रतिष्ठा र संस्थागत मर्यादाको संरक्षण हुने गरी स्पष्टता प्रदान गर्न हार्दिक आग्रह गर्दछ।

साथै, आमसञ्चार माध्यम, राजनीतिक दल, कानून व्यवसायी तथा आम नागरिकलाई पनि अपुष्ट सूचना र अनुमानका आधारमा निष्कर्षमा पुग्नुभन्दा प्रमाण, विधिको शासन र निष्पक्ष छानबिनको प्रक्रियालाई सम्मान गर्न एशोसिएशन अनुरोध गर्दछ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव